# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टङ्गाल, काठमाडौं

मितिः २०८१/१२/०७ गते।

# प्रेस विज्ञप्ति

विषय :- नियन्त्रणमा लिइएको।

जिल्ला कास्की, पोखरा महानगरपालिकाको उजुरी फछ्र्यौट समन्वय शाखामा कार्यरत **प्रशासकीय अधिकृत (सातौं तह) कपिल गिरी**ले अख्तियारमा उजुरी परी पत्र आएको छ उक्त उजुरीसँग सम्बन्धित केस मिलाई दिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराबाट खटिई गएको टोलीले निज कपिल गिरीलाई सेवाग्राहीबाट **रू.२५,०००।-** (पच्चीस हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित पोखरा महानगरपालिकाको गेट अगाडिबाट आज मिति २०८१।१२।०७ गते नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको छ।

प्रवक्ता

राजेन्द्र कुमार पौडेल